# सखुवानन्कारकट्टी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## सखुवानन्कारकट्टी,सिरहा

### प्रदेश नं. २, नेपाल

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

पत्र संख्या : २०७७/०७८
चलानी नं. 836

**राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने वाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०७७ चैत्र ३१ गते**

प्रस्तुत विषयमा आ.व. २०७७/०७८ को संघिय सर्शत कार्यक्रम अन्तरगत स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यान्वयन म्यानुअल २०७७ बमोजिम राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने वाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गर्न कृषि शाखा द्वारा पकेट कार्यक्रममा दर्ता भएको इच्छुक कृषक समुह/कृषि सहकारी/कृषि उद्यमी/फर्म/जल उपभोक्ता समितिले देहायको पुर्वाधार भएको हुन सक्ने शर्तमा खाद्ययान वालिको हकमा २० हेक्टर (३० विगहा) क्षेत्रफलमा एउटै कोरिडोरमा चक्लाबन्दीमा रहने गरी यो सूचना प्रकाशित भएको मिति ले १५ (पन्ध्र) दिन भित्र यस शाखामा कार्यालय समयमा आवेदन दर्ता गर्नु हुन अनुरोध छ ।

**शर्तहरु :**

१. सडकको सुविधा भएको
२. सिंचाईको उपलब्धता भएको वा हुन सक्ने
३. विद्युतको सुविधा भएको वा हुन सक्ने
४. तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको वा एउटै कोरिडोरमा रहेको
५. वित्तिय संस्थाहरुको पहुँच भएको वा हुन सक्ने
६. गाउँपालिका कृषि विकास शाखा संगको पहुच भएको

**निवेदन साथ संलग्न कागजातहरु :-**

१. अनुसूचि १० बमोजिमको आवेदन फारममा रु. १० को टिकट टाँसि रितपुर्वक भएको तथ्यांक र प्रस्तावना सहितको निवेदन ।
२. सम्बन्धित निकायमा दर्ता भएको कृषक समूह, कृषि सहकारी, कृषि उद्यमि, फर्म एवम् जलउपभोक्ता समिति दर्ता तथा नविकरण भएको प्रमाणको प्रतिलिपि ।
३. आफुले संचालन गर्ने कृषि बालि एकिनसंस्थाको निर्णय सहित पेश गर्नु पर्ने छ ।
४.फर्म/सहकारीको हकमा PAN NO सहित २०७६/०७७ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
५. कार्यक्रम संचालन हुने स्थानको (जग्गा जमिन) स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामा वा सार्वजनिक जग्गा भएमा सम्बन्धित स्थानिय निकायको कम्तिमा ५ वर्षको लागि पकेट संचालन गर्न दिइने सहमति पत्र ।
६. पकेट संचालन सम्बन्धि नयाँ कार्यविधि २०७७ अनुसार २ वर्ष सम्म अनुदान लिईसकेका पुराना पकेट/ब्लक यसमा भाग लिनपाउने छैन ।
७. उक्त समुह/समितिका अध्यक्ष, को नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
८. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
९. आवेदन बुझाउने स्थान : सखुवानन्कारकट्टी गा.पा., कृषि विकास शाखा, एन.एम.बि. बैंक सखुवानन्कारकट्टी-३ मा रहेको यस कार्यालयको राजस्व खाता नं. ११०००८५११७५००१९९ मा रु. ५००/- (अक्षरेपी रु. पाँच सय मात्र) दस्तुर जम्मा गरि सो को सक्कल भौचर निवेदन साथ संलग्न राखि पेश गर्नु पर्नेछ ।
१०. प्रस्तावना ।

राजदेव यादव
कृषि विकास शाखा प्रमुख

**वोधार्थ :**

१. श्री जिल्ला प्रशासन कार्यालय, सिरहा । (सूचना टाँस गरिदिनुहुन)
२. श्री कृषि ज्ञान केन्द्र सिरहा । (सूचना टाँस गरिदिनुहुन)
३. श्री जिल्ला समन्वय समितिको कार्यालय, सिरहा । (सूचना टाँस गरिदिनुहुन)
४. श्री कोष तथा लेखा नियन्त्रण कार्यालय, सिरहा । (सूचना टाँस गरिदिनुहुन)

*नोट : अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।*



Scanned with CamScanner